www.newsandesh.com

दैनिक
न्यू सन्देश
NEW SANDESH DAILY

वर्ष १९ अंक २९५ | २०८० बैशाख १५ शुक्रबार | 2023, Apr 28 Friday | पृष्ठ संख्या ४ मूल्य : ५ रुपैयाँ

- विज्ञापनको लागी ।
- ग्राहक बन्नु परेमा ।
- पत्रिका नियमित नआएमा ।
- ठेगाना परिवर्तन भएमा ।
- लेख वा कविता प्रकाशित गराउनु परेमा ।
- अन्य कुनै सुझाव भएमा ।

सम्पर्क नं.- ९८०७२६५५०८

# छिपहरमाई गाउँपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
मधेश प्रदेश,नेपाल

## करारमा सेवा लिने सम्बन्धि सूचना

(पुनः सुचना प्रकाशित मिति : २०८०।०१।१५)

छिपहरमाई गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयबाट विभिन्न सामुदायिक विद्यालयहरुका लागि मिति २०७९।०४।१५ गते भएको वि.नं. ७०७९।८०, ८।०७९।८०, ९।०७९।८०, १०।०७९।८०, ११।०७९।८० र १२।०७९।८० को विज्ञापन गाउँ कार्यपालिकाको निर्णयानुसार रद्द गरिएको तथा छिपहरमाई गाउँपालिकाको विद्यालय शिक्षक, कर्मचारी व्यवस्थापन तथा स्वयंसेवक करार शिक्षक छनौट कार्यविधि, २०७९ अनुसार तपसिल बमोजिमका पदमा स्वयसेवक शिक्षक करार सेवामा लिनु पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले उल्लेख भए बमोजिमको दस्तुर तिरेको रसिद तथा तोकिएको कागजात सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम र अन्य जानकारी शिक्षा शाखा, छिपहरमाई गाउँकार्यपालिकाको कार्यालय, भिस्वाबाट उपलब्ध हुनेछ ।

| क.स. | विज्ञापन नं. | पद | तह | विषय | संख्या | आवेदन दस्तुर रु |
|---|---|---|---|---|---|---|
| १ | २०।०७९।८० | स्वयंसेवक शिक्षक | नि.मा.वि | विज्ञान | १(एक) | ७००।०० |
| २ | २१।०७९।८० | स्वयंसेवक शिक्षक | नि.मा.वि | गणित | २(दुई) | ७००।०० |
| ३ | २२।०७९।८० | स्वयंसेवक शिक्षक | नि.मा.वि | सामाजिक | १(एक) | ७००।०० |
| ४ | २३।०७९।८० | स्वयंसेवक शिक्षक | नि.मा.वि | अंग्रेजी | २(दुई) | ७००।०० |
| ५ | २४।०७९।८० | स्वयंसेवक शिक्षक | नि.मा.वि | नेपाली | १(एक) | ७००।०० |
| ६ | २५।०७९।८० | स्वयंसेवक शिक्षक | प्रा.वि. | | १६(सोह्र) | ५००।०० |

१. उम्मेदवारको न्युनतम योग्यता :-

(क) नेपाली नागरिक ।

(ख) न्यूनतम शैक्षिक योग्यता :-

(१) नि.मा.वि. हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा आई.एड.उत्तिर्ण गरेको (विज्ञान र गणित विषयको हकमा आई.एस.सि. उत्तिर्ण गरेको व्यक्ति समेत उम्मेदवार हुन सक्ने ) ।

(२) प्रा.वि. हकमा प्रविणता प्रमाणपत्र तह वा सो सरह ।

(३) अध्यापन अनुमतिपत्र अनिवार्य नभए तापनि अध्यापन अनुमतिपत्र भएका उम्मेदवारलाई ग्राहयता दिईनेछ ।

२. उमेर हद :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

३. सेवा सुविधा :- गाउँ कार्यपालिकाको निर्णय अनुसार ।

४. दरखास्तमा संलग्न गर्नु पर्ने :- सम्बन्धित वि.नं. मा उल्लेख भएको व्यहोरा प्रमाणित हुने कागजातहरु र आवेदन दस्तुर दाखिला यस कार्यालयको एन.आई.सी. एसिया बैंक, भिस्वा शाखा, पर्सामा रहेको आन्तरिक राजश्व खाता नं. L6CA000187452406 मा जम्मा गरेको वा गाउँपालिकाको राजश्व शाखामा दाखिला गरेको भौचर संलग्न हुनु पर्नेछ ।

५. छनौट प्रक्रिया :- लिखित (शिक्षक सेवा आयोगको पाठ्यक्रम अनुसार) र अन्तरवार्ता ।

६. दरखास्त पेश गर्ने स्थान :- छिपहरमाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, भिस्वा, पर्सा ।

७. दरखास्त पेश गर्ने अन्तिम मिति : सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनसम्म कार्यालय समय भित्र । सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समय भित्र ।

८. सम्पर्क मिति तथा परिक्षा कार्यक्रम : पछि प्रकाशन गरिनेछ ।

नोट : वि.नं. ७०७९।८०, ८।०७९।८०, ९।०७९।८०, १०।०७९।८०, ११।०७९।८० र १२।०७९।८० को विज्ञापनमा दरखास्त पेश गरेका उम्मेदवारहरुले पुनः दरखास्त दिदाँ निजहरुले उक्त विज्ञापनहरुमा तिरेको आवेदन दस्तुरको रसिद पेश गरेको खण्डमा पुनः आवेदन दस्तुर तिर्नु पर्ने छैन ।

प्रमुख प्रशासकिय अधिकृत